अध्याय ६

# न्यायप्रति परमेश्वरको प्रेम



## शबाथ दउिसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *भजनसंग्रह ३३:५; भजनसंग्रह ८५:१०; व्यवस्था ३२:४; याकूब १:१७; तितस १:२; प्रस्थान ३२:१४; मत्ती ५:४३-४८।*

**याद गर्नुपर्ने पद: "परमप्रभु यसो भन्नुहुन्छः 'बुद्धिमान् मानिसले आफ्नो बुद्धिमा घमण्ड नगरोस्, अथवा बलियो मानिसले आफ्नो बलमा घमण्ड नगरोस्, अथवा धनी मानिसले आफ्नो धनमा घमण्ड नगरोस्, तर जसले घमण्ड गर्छ त्यसले यस विषयमा घमण्ड गरोस्: "म परमप्रभुलाई जान्दछु र चिन्दछु, र उहाँ त्यही परमप्रभु हुनुहुन्छ, जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको व्यवहार गर्नुहुन्छ।" किनभने यिनैमा म प्रसन्न हुन्छु,' परमप्रभु भन्नुहुन्छ।"** *(यर्मिया ९:२३-२४)*।

पौराणिक मध्यपूर्वका राष्ट्रहरूका देवीदेवताहरूले मानव मनोभावहरूलाई प्रतिबिम्ब गर्दथे। तिनीहरूका मिजासहरू अस्थिर थिए, तिनीहरू अनैतिक थिए र तिनीहरूका स्वभावहरू कस्ता हुन्थे भन्ने कुरा हतपत कसैले पनि भन्न सक्दैनथे। त्यति मात्र नभएर तिनीहरू नृशंस र क्रूर थिए। तिनीहरूले बाल बलि तथा मानव भोगको माग गर्ने नरदेवी वा देवताहरू थिए। त्यसो गर्दा पनि मूर्तिपूजा गर्ने तत्कालिन मानव समाजले ती देवी र देवताहरूको निगाह पाउन निश्चय थिएन। त्यसले गर्दा तिनीहरूलाई रिझाइरहनुपर्दथ्यो र तिनीहरू नरिसाओस् भनेर विभिन्न रीतिथिति र संस्कारद्वारा पूजाआजा गरिने रहनुपर्दथ्यो।

तर ती देवीदेवताहरूलाई उक्साइरहने शक्ति वा तत्त्वहरू दुष्ट तथा राक्षसी पतित स्वर्गदूतहरू थिए वा हुन्छन् भनेर बाइबलले व्यवस्था ३२:१७मा ठोकुवा गर्छन्। *(१ कोरन्थी १०:१८-२१ पनि हेर्नुहोस्)*। तिनीहरूले गर्ने पूजाआजा नै ती देवीदेवताहरूले मानिसहरूलाई शोषण गर्न खप्पिस थिए। त्यसले गर्दा मानिसहरूलाई आत्मिक र नैतिकताको महान् अन्धकारमा परेका थिए।

तर शैतान वा राक्षसी शक्तिहरूले परिचालित देवीदेवताहरूभन्दा बाइबलको परमेश्वर अत्यन्तै भिन्न हुनुहुन्थ्यो। यह्वे सिद्ध असल हुनुहुन्थ्यो र उहाँको स्वभाव परिवर्तनशील थिएन। हामीप्रति उहाँको निरन्तर हितले गर्दा मात्र उहाँमाथि हामी आशा राख्न सक्दछौं र अहिलेकै जीवनदेखि अनन्तसम्म उहाँमाथि भरोसा राख्न सक्दछौं।

तर बाइबलले औँल्याएको पिता परमेश्वर, ती पौराणिक संसारका कथित वा मिथ्या देवीदेवता र आधुनिक देवीदेवताहरूभन्दा बिल्कुल फरक हुनुहुन्छ। मानिसहरूले गर्ने जघन्य अपराध, दुष्ट काम, अन्याय, अत्याचार, धर्मकै नाउँमा किन नहून्, दमन गर्ने मिजास र मानव पीडाप्रति यह्वे अत्यन्तै संवेदनशी हुनुहुन्छ। मानव चालामालामा परमेश्वर गहिरो चासो राख्नुहुन्छ। मानिसको बर्बरता, अत्याचार, आतङ्क, शोषण र दमनलाई परमेश्वरले स्पष्ट रूपमा निन्दा गर्नुहुन्छ। अझ हामीले एउटा अत्यन्तै महत्त्वपूर्ण धारणालाई याद गर्नु जरुरी छ, त्यो हो, उहाँले ती पाप, अन्याय, अत्याचार, आतङ्क, अपराध तथा दुष्टहरूलाई एक दिन सदाको निम्ति निर्मूल गर्नुहुनेछ।

# प्रेम र न्याय

परमेश्वरको प्रेम र न्याय एउटा सिक्कोका दुई पाटा हुन् भनेर बाइबलभरि चित्रण गरेको छ अर्थात् प्रेम र न्याय सँग-सँगै जान्छन्। सही वा असली प्रेमले न्यायको माग गर्दछ। अनि प्रेमले परिचालित भए मात्र सत्य न्यायलाई कार्यान्वयन गर्न सकिन्छ। मानवीय समाज वा संस्कारमा प्रेम र न्यायमा अत्यन्तै विकृति आइरहेको छ। मानिसले गर्ने प्रेम र न्याय भ्रष्ट छ। यसले गर्दा मानव समाजलाई अधोगतितिर ढालिरहेको छ।

पढ्नुहोस्: **न्यायधिपति परमेश्वरले न्यायप्रति उहाँको मनस्थिति कस्तो छ र उहाँको गहिरो चासो छ भनेर देहायका पदहरूले कसरी औँल्याउँछन्? हेर्नुहोस्, भजनसंग्रह ३३:५; यशैया ६१:८; यर्मिया ९:२३-२४; भजनसंग्रह ८५:१० र भजनसंग्रह ८९:१४।**

परमेश्वरले न्यायलाई प्रेम गर्नुहुन्छ वा न्यायप्रति आकर्षित हुनुहुन्छ भनेर बाइबलका उपर्युक्त पदहरूले स्पष्ट रूपमा बताउँदछ *(भजनसंग्रह ३३:५; यशैया ६१:८)*। प्रेम र न्यायको अवधारण अभिन्न रूपमा बुनिएको छ भनेर बाइबलले बताउँछ। परमेश्वरको प्रेम र परमेश्वरको धार्मिकता सँग-सँगै जान्छन्। यस आततायी विश्वमा धार्मिकता र न्यायले राज गरोस् भनेर उहाँले गहिरो चासो राख्नुहुन्छ।

त्यसकारण, अगमवक्ता वा बाइबलका लेखकहरूले सबै प्रकारका अन्याय, अत्याचार, झुट व्यवहार, झुट नापतौल दमनको विरुद्धमा उठाइरहेको आवाज परमेश्वरको नजरमा उचित नै भएको देखिएको थियो। बिधुवी र टुहुरा वा जो पनि कमजोरीहरूप्रति गरेको शोषण, अन्याय र अत्याचारलाई तिनीहरूले घोर निन्दा गरेका थिए। परमेश्वरलाई नै विश्वास गर्ने जन समुदाय र धार्मिक अगुवाहरूले आफ्ना खराब र अन्यायहरूलाई कायमै राखे तापनि परमेश्वरले यस संसारमा आफ्नो निम्न मिजासलाई निरन्तररूपमा कायम राख्नुभएको छ: "त्यही परमप्रभु हुनुहुन्छ, जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको व्यवहार गर्नुहुन्छ। किनभने यिनैमा म प्रसन्न हुन्छु।" *(यर्मिया ९:२४)*। त्यही अनुसार, परमेश्वरको न्याय र दण्डलाई उहाँका बफादारी जनहरूले अति अपेक्षा गरिरहेका छन्।

शोषक, दुष्ट र खराब गर्ने दमनकारीहरूलाई नाश गर्नु न्यायोचित नै देखिन्छ किनकि तिनीहरूले कमजोर मानिसहरूलाई अन्याय, अत्याचार र दमन गरिरहेको हुन्छन्। तिनीहरूले पाउने दण्ड ठीकै छ भनेर कसले नसोच्ला?

अझ भन्ने हो भने, धार्मिकता र न्याय परमेश्वरको शासनका जगहरू हुन्। परमेश्वरको नैतिक राज्य शासन प्रेम मात्र होइन धार्मिकता पनि हो। यस विश्वमा जुनसुकै सरकार आए तापनि ती सरकारहरू भ्रष्टाचारको अखडा बनिरहेका छन्। आफ्नो भाउ खोज्न, आफू माथि आउन, आफ्नो व्यक्तिगत स्वार्थलाई अघि बढाएर शक्तिसम्पन्न हुने प्रवृत्ति राजनेता तथा राजनीति गर्नेहरूको ध्येय प्रायः जसो भइरहेको छ। परमेश्वरमा नै, "दया र सत्य बुनिएका हुन्छन्; धार्मिकता र शान्ति एक आपसमा चुम्बन गर्दछन्" *(भजनसंग्रह ८५:१०)*।

हामीबाट परमेश्वरले के अपेक्षा गर्नुहुन्छ सो स्पष्ट छ। "ए मानिस, जे असल छ, त्यो उहाँले तिमीलाई देखाउनुभएको छ। र परमप्रभुले तिमीबाट के चाहनुहुन्छ? केवल यति, ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तिम्रा परमेश्वरसित विनम्र भएर हिँड्नू।" *(मीका ६:८)*। यदि परमेश्वरको चरित्र वा स्वभावलाई हामी प्रतिबिम्ब गर्न चाहन्छौं भने हामीमा पनि प्रेम, न्याय र दया हुनुपर्छ। यो नीति येशूभक्तको केन्द्रविन्दु हो। यो सत्य आचरण, परमेश्वरमाथिको आस्थाको उपज हुनुपर्दछ।

**अहिले पनि यस संसारमा जुनसुकै सरकार आए तापनि मानवीय न्याय भ्रष्ट भइरहेको ज्वलन्त उदाहरणहरू के-के छन्? के एक दिन परमेश्वरको सिद्ध न्यायको निम्ति रोई कराई भीख माग्दैनौं र?**

# परमेश्वर पूर्ण रूपले असल र धर्मी हुनुहुन्छ

परमेश्वरले त्यसै न्यायलाई प्रेम गर्छु भन्नुहुन्न र मानिसहरूलाई पनि प्रेम गर्न र न्याय गर्न आह्वान गर्नुहुन्न। ती मिजासहरू परमेश्वर आफै नडगमगाई र परिपक्व *उदाहरणहरूद्वारा देखाउनुहुन्छ*। परमेश्वर पूर्ण रूपमा पवित्र, बफादारी, धर्मी, र प्रेमिलो हुनुहुन्छ भनेर बाइबलले सिकाउँदछ। उहाँले जे गर्नुहुन्छ, जहिले पनि प्रेम, धार्मिकता र न्यायले परिचालित भएर गर्नुहुन्छ। उहाँले कहिले पनि गल्ती गर्नुहुन्न।

पढ्नुहोस्: **हाम्रो परमेश्वर कतिको विश्वासिलो र आफ्ना जनहरूप्रति बफादार र धर्मी हुनुहुन्छ भनेर देहायका पदहरूले कसरी सिकाउँछन्? व्यवस्था ३२:४ र भजनसंग्रह ९२:१२-१५ पढ्नुहोस्।**

________________________________________

________________________________________

उपर्युक्त र अरू अंशहरूमा परमेश्वर न्यायी र प्रेमिलो हुनुहुन्छ र "उहाँमा केही दुष्टता छैन" भनेर घोषणा गर्दछन् *(भजनसंग्रह ९२:१५ पढ्नुहोस् र निम्न पदहरूसँग तुलना गर्नुहोस्: भजनसंग्रह २५:८; भजनसंग्रह ११९:४)*। परमेश्वरले " कुनै खराबी गर्नुहुन्न। उहाँले बिहानैपिच्छे न्याय गर्नुहुन्छ। प्रत्येक नयाँ दिन उहाँ चुक्नुहुन्न, तापनि अधर्मीलाई लाज लाग्दैन।" *(सपन्याह ३:५)*। धर्मको नाउँमा मानिसहरूले गद्दारी गरे तापनि उहाँले तिनीहरूलाई गद्दारी गर्नुहुन्न। अन्याय र अत्याचारमा रमाउनेहरूको विपरित परमेश्वरको मिजास र स्वभाव कस्तो छ भनेर देखाएको कुरा सोच्नुहोस्।

यस संसारमा जन्मिने प्रत्येक मानव प्राणीको निम्ति के उत्तम छ सो परमेश्वरलाई थाहा छ। तिनीहरूकै सर्वोच्च हित उहाँ चाहनुहुन्छ। सबैको भलाइको निम्ति उहाँ निरन्तर रूपमा काम गरिरहनुहुन्छ। सबैले उहाँको कामबाट अत्याधिक फाइदा उठाऊन् भन्ने उहाँ चाहना गर्नुहुन्छ।

**पढ्नुहोस्: भजनसंग्रह ९:७-८ र भजनसंग्रह १४५:६-२१ पढ्नुहोस्। यी पदहरूले परमेश्वरको बारेमा हामीलाई के सिकाउँछन्?**

बाइबलको परमेश्वर न्यायी न्यायाधीश हुनुहुन्छ *(भजनसंग्रह ७:११)*। उहाँमा कुनै खराब तत्त्व छैन *(भजनसंग्रह ५:४)*। १ यूहन्ना १:५ले सिकाउँछ, "परमेश्वर ज्योति हुनुहुन्छ र उहाँमा कुनै अन्धकार नै छैन।" परमेश्वर पूर्णरूपमा असल मात्र हुनुहुन्न, उहाँ कुनै खराब तत्त्वको प्रलोभनमा पर्नुहुन्न *(याकूब १:१३लाई हाबकूक १:१३सँग तुलना गर्नुहोस्)*।

ती सबैमा परमेश्वरको भलाइ र महिमा अभिन्न रूपमा बुनिएका छन्। कतिपय मानिसहरूले शक्ति नै भगवान भनेर ठान्दछन्। तर परमेश्वर सर्वशक्तिमान् हुनुभए तापनि उहाँले मानिसको सर्वोच्च हित र प्रेमलाई ध्यानमा राखेर मात्र आफ्नो शक्ति प्रयोग गर्नुहुन्छ। जब मोशाले परमेश्वरसँग "तपाईंको महिमा देखाउनुहोस्" भन्ने अनुरोध गरे तब परमेश्वरले यसरी जवाफ दिनुभयो भन्ने कुरालाई सन्जोग मान्नुपर्दैन। "म तिम्रै सामुन्ने मेरो सारा श्रेष्ठता देखाउनेछु।" *(प्रस्थान ३३:१८-१९)*।

**यद्यपि, त्यस असल परमेश्वरले यस संसारमा अनेकौँ खराब, अन्याय, अत्याचार, आतङ्क, दमन आदि आउन किन रोक्नहुन्न?**

# परमेश्वरको अपरिवर्तनशील चरित्र, स्वभाव वा मिजास

पढ्नुहोस्: **मलाकी ३:६ र याकूब १:१६-१७ पढ्नुहोस्। परमेश्वरको चरित्र वा स्वभावको बारेमा यी पदहरूले के भन्छ?**

---

---

"म प्रभु हुँ। म परिवर्तन हुनेछैन" भनेर अगमवक्ता मलाकीबाट परमेश्वरले भन्नुभएको थियो *(मलाकी ३:६)*। कतिपय मानिसहरूले उहाँको अपरिवर्तनशीलतालाई उहाँ कुनै तरिकाले परिवर्तन हुनुहुन्न भनेर पढ्छन् भने त्यस पदको बाँकि अंशमा उहाँको अपरिवर्तनशीलताचाहिँ उहाँको नैतिकतामा *परिवर्तन हुनुहुन्न* भनेर पढ्दैनन्। बाँकि पदहरूमा मानिसहरूप्रति उहाँको सम्बन्धमा परिवर्तन हुन सक्छ भनेर देखाइएको छ। "हे याकूबका सन्तानहरू हो, तिमीहरू तत्काल ध्वस्त भएका छैन, त्यसकारण तिमीहरू मतर्फ फर्क र म तिमीहरूतर्फ फर्किनेछु।" *(मलाकी ३:७)*।

उहाँका सृष्टिसँग परमेश्वर पारस्परिक सम्बन्ध राख्न चाहनुहुन्छ। ती सबै सम्बन्धहरूमा वा उहाँले जे गर्नुभए तापनि उहाँको चरित्र वा मिजासले निरन्तरता पाइरहेको हुन्छ। सबै असल र सिद्ध वरदानहरू परमेश्वरबाट नै आउँछन् भन्ने याकूबले व्यक्त गरेको धारणाले त्यस अवधारणालाई पुष्टि गर्दछ। उहाँ हेरफेर हुनुहुन्न। यसले परमेश्वर खराब वा दुष्टताको स्रोत होइन।

यहाँ र अन्त पनि बाइबलले बारम्बार हामीलाई सिकाउँदछ कि उहाँको चरित्र अपरिवर्तनशील छ। त्यसको तात्पर्य यो हो कि, उहाँको *नैतिकतामा* परिवर्तन हुँदैन। जो उहाँप्रति जवाफदेही भएर चल्छन्, त्यससँग परमेश्वर सम्बन्ध राख्नुहुन्छ र तिनीहरूले उहाँको वास्तविक सम्बन्धको यथार्थतालाई अनुभव गर्न सक्छन्। त्यस सम्बन्धमा उहाँको प्रेम र न्यायको आभास् जहिले पनि पाइरहेको हुन्छ।

**पढ्नुहोस्: परमेश्वरको बारेमा देहायका पदहरूले के सिकाउँदछ? हेर्नुहोस्, २ तिमोथी २:१३; तितस १:२ र हिब्रू ६:१७-१८।**

परमेश्वर आफूले आफैलाई कहिले पनि अस्वीकार वा खण्डन गर्नुहुन्न; उहाँ कहिले पनि झुट बोल्नुहुन्न; र उहाँका प्रतिज्ञाहरू तोड्न नसकिने हो। बाइबलको परमेश्वर त्यही परमेश्वर हुनुहुन्छ जो येशू ख्रीष्टमा रहनुभएर हाम्रो निम्ति क्रूसमा बलि हुनुभयो। उहाँ त्यही परमेश्वर हुनुहुन्छ जसमाथि हामी भरोसा राख्न सक्छौं। उहाँ शर्तविना हामीसँग सम्बन्ध गाँस्न चाहनुहुन्छ। हाम्रो भविष्यको निम्ति उहाँमाथि आशा र भरोसा राख्न सक्छौं। हिब्रू १३:८मा यो पुष्टि गरिएको छ, "येशू ख्रीष्ट हिजो, आज, र सधैँभरि एकसमान हुनुहुन्छ।"

**तपाईं विषम वा भयानक परिस्थितिमा गुज्रनुपरे तापनि तपाईंप्रति परमेश्वरको हित छ भन्ने कुरामा तपाईं कसरी भरोसा राख्न सक्नुहुन्छ? क्रूसमा चित्रण गरिएको परमेश्वरको स्वभावले तपाईंलाई उहाँको भलाइमा भरोसा राख्न कसरी मदत गर्दछ?**

# पछुताउनुहुने परमेश्वर रे?

के परमेश्वर पछुताउनुहुन्छ वा पछुताउन सक्नुहुन्छ र? यदि उहाँले पछुताउ गर्नुहुन्छ भने त्यसको अर्थ के हो? परमेश्वरको स्वभाव वा चरित्र परिवर्तन हुँदैन भनेर हामीले हेर्‍यौं। बाइबलको कुनै पदमा परमेश्वर दुःखित हुनुभएको वा शोकमा पर्नुभएको भनेर उल्लेख गरिएको छ। कम्तीमा मानवीय प्रशङ्गमा आफूले गल्ती गरेको भन्ने स्वीकार्नुचाहिँ पश्चात्ताप समावेश हुन्छ। तर के बाइबलका अंशहरूमा परमेश्वरले पश्चात्ताप गर्नुभएको चित्रण गर्दछ र?

पढ्नुहोस्: **प्रस्थान ३२:१४ पढेर त्यसलाई यर्मिया १८:१-१०सँग तुलना गर्नुहोस्। परमेश्वर दुःखित हुनुभएको वा मानिसप्रति उहाँको मन बदल्नुभएको यी पदहरूबाट तपाईं के बुझ्नुहुन्छ?**

______________________________________________________

______________________________________________________

ती पद र अरू अंशहरूमा जब कसैले पश्चात्ताप गर्‍यो वा कसैले मानिसहरूको निम्ति पहल गर्‍यो भने परमेश्वरले आफूले दण्ड दिने फैसलालाई फर्काउनुभएको थियो भनेर उल्लेख गरिएका छन्। यदि मानिसहरू दुष्ट कर्महरूबाट फर्के भने उहाँले गर्नुभएको न्यायीक फैसला वा दण्ड दिने योजनालाई रद्द गर्नुहुनेछ भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ। जब मानिसहरूले पश्चात्ताप गरेर आफ्ना दुष्ट कामहरूबाट फर्के तब परमेश्वरले दण्ड दिनुहुने फैसलाबाट फर्कनुभएको थियो भन्ने विषय बाइबलभरि पाइन्छ। अर्थात् परमेश्वरले गर्नुहुने न्याय मानिसहरूको सदाचार वा दुराचारमा भर पर्दछ।

पढ्नुहोस्: **गन्ती २३:१९ र १ शमूएल १५:२९ पढ्नुहोस्। परमेश्वरले आफ्नो निर्णय बदल्नुभएको वा पछुताउ गर्नुभएको सन्दर्भमा यी पदहरूले के बताउँछ?**

______________________________________________________

______________________________________________________

## बुधबार

परमेश्वर मानिस हुनुहुन्न र उहाँले आफ्नो मन बदल्नुहुन्न भनेर माथिका पदहरूले स्पष्ट पारेका छन्। “परमेश्वर ढाँट्नुहुन्न, कारण उहाँ मानिस हुनुहुन्न, उहाँले मन बद्लनुहुन्न, कारण उहाँ मान्छेको सन्तान हुनुहुन्न। उहाँले भन्नुभएपछि के त्यो गर्नुहुन्न र? अथवा उहाँले प्रतिज्ञा गर्नुभएपछि के त्यो पूरा गर्नुहुन्न र?” *(गन्ती २३:१९)*। परमेश्वरले मन बद्लिनुहुन्न नै ती पदहरूले बताएका छैनन् तर उहाँ मानिसहरूले जस्तै उहाँको मन अस्थिर वा बद्लिने होइन भनेर पुष्टि गर्दछ। उहाँले आफ्ना प्रतिज्ञाहरू सधैँ कायम राख्नुहुन्छ तर ती प्रतिज्ञाहरूको कार्यान्वयन मानिसहरूले गरेका पश्चात्तापले गर्दा परिवर्तन भए पनि, त्यो परिवर्तन उहाँको वचनप्रति जवाफदेही हुन्छ र तिनीहरूको हितकै निम्ति हुन्छ। जब मानिसहरूले पश्चात्ताप गर्छन् तब परमेश्वर आफूले ल्याउने दण्डबाट फर्किनुहुन्छ। उहाँको स्वभाव असल, धर्मी, प्रेमिलो र दयालु भएकै कारणले उहाँले त्यो कदम मानिसहरूको पक्षमा चाल्नुहुन्छ।

**परमेश्वरले मन बदल्नुभएको बाइबलको चित्रणको महत्त्वपूर्ण अर्थ के हो? उहाँसँग पारस्परिक सम्बन्ध गाँसेर चल्दा हामीप्रति उहाँको चरित्रको निरन्तरताको बारेमा हामीलाई के भन्छ?**

# प्रेम र न्यायलाई पक्रिराख

बाइबलमा हामीलाई परमेश्वरको बारेमा बराबार सिकाउँदछ, "याद राख, परमप्रभु तिमीहरूका परमेश्वर मात्र परमेश्वर हुनुहुन्छ, एक विश्वासयोग्य परमेश्वर। उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञा पालन गर्ने हजारौँ पुस्तामाथि उहाँले आफ्नो प्रेमको करार पूरा गर्नुहुन्छ, र दया देखाउनुहुन्छ।" *(व्यवस्था ७:९)*। उहाँको भलाइ र प्रेमको चरित्रको सर्वोच्च उदाहरण क्रूसमा येशूले मर्नुभएको बेलामा देखाउनुभयो *(हेर्नुहोस्, रोमी ३:२५, २६; रोमी ५:८)*। मानव हितप्रति परमेश्वरको मिजास भजनसंग्रह १००:५मा यसरी वर्णन गरिएको छ, "परमप्रभु भला हुनुहुन्छ, र उहाँको करुणा सदाकाल रहन्छ। उहाँको विश्वसनीयता पुस्तादेखि पुस्तासम्म रही नै रहन्छ।" *(उपर्युक्त पदलाई भजनसंग्रह ८९:२सँग तुलना गर्नुहोस्)*। यसकारण परमेश्वरमाथि विश्वास राख्न सकिन्छ। उहाँका सन्तानलाई उहाँले केवल असल थोकहरू मात्र दिनुहुन्छ *(याकूब १:१७; यसलाई लूका ११:११-१३सँग तुलना गर्नुहोस्)*। जसरी घाम सबैमाथि लाग्छ त्यस्तै परमेश्वरका असल थोकहरू उहाँका शत्रुहरूलाई पनि उहाँले उपलब्ध गराउनुहुन्छ।

पढ्नुहोस्: **परमेश्वरको अचम्मको प्रेम मत्ती ५:४३-४८ पदहरूले हामीलाई कससरी सिकाउँछन्? येशूका त्यस नीतिलाई हामीले पनि अपनाएर अरूप्रति हामी पनि सदव्यवहार गरेर माया देखाउने?**

________________________________________

________________________________________

________________________________________

परमेश्वरको प्रेम सिद्ध, परिपक्व र निर्मल छ भनेर मत्ती ५मा बताइएको छ। हामीलाई प्रेम गर्नेलाई मात्र प्रेम गर्नुचाहिँ प्रेम सिद्ध प्रेम होइन। उहाँलाई घृणा गर्नेलाई पनि परमेश्वरले प्रेम गर्नुहुन्छ। उहाँका शत्रुहरूलाई पनि उहाँले प्रेम गर्नुहुन्छ। उहाँको प्रेम पूर्ण छ, त्यसकारण, सिद्ध छ।

उहाँको प्रेम र दया मानिसहरूले सोचेको भन्दा उच्च भए तापनि उहाँले आफूले गर्नुपर्ने न्यायप्रति आँखा चिम्लिनुहुन्न। उहाँले न्याय र दयालाई सँग-सँगै उपयोग गर्नुहुन्छ *(भजनसंग्रह ८५:१०)*। बाइबलले हामीलाई यो अर्ति पनि दिन्छ, "तिमीहरू आफ्ना

परमेश्वरतिर फर्कनैपर्छ। प्रेम र न्याय कायम राख, र निरन्तर आफ्ना परमेश्वरको प्रतीक्षा गर।" *(होशे १२:६)*। प्रेम र न्यायलाई पक्रि राख भनेर अर्को अनुवाद गरिएको छ *(होशे १२:६सँग लूका ११:४२लाई तुलना गर्नुहोस्)*।

अन्तमा आएर परमेश्वर आफैले पूर्ण र सिद्ध न्याय गर्नुहुनेछ। रोमी २:५मा हामीलाई यो सिकाइएको छ, "उहाँको धार्मिक न्याय प्रकट गरिनेछ।" आखिरमा धर्मी जनहरूले यो गाउनेछन्, "हे परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका कार्य महान् र आश्चर्यपूर्ण छन्, युग-युगका महाराजा, तपाईंका मार्ग धार्मिक र सत्य छन्। हे परमप्रभु, तपाईंको डर कसले मान्दैन? र तपाईंका नाउँको महिमा कसले गर्दैन? किनकि तपाईं मात्र पवित्र हुनुहुन्छ। सबै जातिले आएर तपाईंलाई दण्डवत् गर्नेछन्, किनभने तपाईंका धार्मिक कार्यहरू प्रकट भएका छन्।" *(प्रकाश १५:३-४; यससँग प्रकाश १९:१-२ तुलना गर्नुहोस्)*।

**यशैया २५:१मा लेखिएको छ, "हे परमप्रभु, तपाईं मेरा परमेश्वर हुनुहुन्छ, म तपाईंको नाउँलाई उच्च पार्दछु र तपाईंका नाउँको प्रशंसा गर्दछु, किनकि सम्पूर्ण विश्वासमा तपाईंले आश्चर्यका कामहरू गर्नुभयो, ती कामहरू जो धेरै अघि तादिमा योजना गरिएका थिए।" खराब समयमा पनि परमेश्वरको गुणगान कसरी गाउन सक्छौं? तपाईंकै जीवनले नै परमेश्वरको स्तुति गरेको छ भनेर कसरी देखाइरहेको छ? त्यसैबखत तपाईंको दायरामा रहनेहरूलाई उहाँको न्याय कायम छ भनेर कसरी देखाउने?**

**थप जानकारी:** एलेन जी. ह्वाइटको *स्टेप्स टु क्राइस्टको* पृ. ९-१५मा लिखित "गड्स लभ फर म्यान" भन्ने अध्याय पढ्नुहोस्।

"परमेश्वरको वचनले उहाँको स्वभाव र चरित्रलाई खुलस्त पार्दछ। आफ्नो अनन्त तथा असिमित प्रेम र करुणा उहाँ आफैले हामीलाई भन्नुभएको छ । जब मोशाले "तपाईंको महिमा देखाउनुहोस्," भनेर परमेश्वरसँग अनुनय बिन्ती गरेका थिए, तब प्रभुले यो जवाफ दिनुभयो, "म तिम्रै सामुन्ने मेरा सारा श्रेष्ठता देखाउनेछु।" प्रस्थान ३३:१८, १९। हामीप्रति परमेश्वरको भलाइ र करुणा नै उहाँको महिमा र गौरव थियो। मोशाको अगाडि परमेश्वर उभिँदै आफ्नो स्वभावका बारेमा उहाँ आफैले भन्नुभयो, "परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ। उहाँले हजारौँ हजारमाथि कृपा देखाउनुहुन्छ, दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ। तर उहाँले दोषीलाई कुनै पनि किसिमले सजाय दिनुहुन्छ। पिता-पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोराछोरी, नातिनातिना, र तेस्रो र चौथो पुस्तासम्म दिनुहुन्छ।" प्रस्थान ३४:६-७। उहाँ हत्तपत्त रिसाउनुहुन्न र उहाँ अत्यन्तै दयालु हुनुहन्छ। मानिसलाई दया, सदाशयता र करुणा देखाउन उहाँ अत्यन्तै रुचाउनुहुन्छ। योना ४:२; मीका ७:१८।

स्वर्ग र पृथ्वीमा भएका अनगिन्ती प्रतीकहरूद्वारा हाम्रा हृदयहरूमा परमेश्वर बुनिनुभएको छ भनेर देखाइरहेको छ। हामीकहाँ आफूलाई प्रकट गर्न वा उहाँको उपस्थितिप्रतिमा हामी सजग भएको परमेश्वर चाहनुहुन्छ भनेर देखाउन प्रकृतिका विभिन्न थोकहरू र मानव हृदयले जान्ने पृथ्वीमा भएका कमलोभन्दा कमलो सम्बन्धका गाँठोहरूले देखाउँदछन्। हामीले परमेश्वरलाई चिनौं भनेर उहाँले प्रकृतिबाट हरतरहले प्रयास गर्नुभएको छ। तर, यथार्थमा भन्ने हो भने प्रकृतिले परमेश्वरको सिद्ध तथा निर्मल प्रेमलाई पक्का तथा पूर्णरूपमा प्रकट गर्न सक्दैन। प्रकृतिमा विभिन्न सौन्दर्यात्मक तथा गहिरा ज्ञानविज्ञान भए तापनि असलको शत्रु शैतानले मानव जगत्को दिमाग, चेतना वा अन्तरदृष्टिलाई अन्धो बनाएको छ। त्यसको फल स्वरूप, प्रकृतिले परमेश्वरप्रति विश्वास जगाउनुको सट्टा उहाँलाई डर र त्रासका साथ हेर्दछन्; परमेश्वर कस्तो कठोर, निष्ठुरी र क्षमा नदिने भनेर उहाँका बारेमा नकारात्मक धारणाले तिनीहरूका दिमागमा खेलिरहेको हुन्छ। परमेश्वरको मुख्य गुण वा स्वभाव भनेको नै कठोर मन भएको र कसैले केही भूल गर्‍यो भन्दैमा निष्ठुरी भएर उसको न्याय गरिहाल्ने भनेर शैतानले मानिसहरूको दिमागमा हालिदिएको छ। उहाँ अलिकति पनि नलच्किने, कडा अनुशासन लागु गर्नुहुने, पत्थरको हृदय भएको न्यायाधीश हुनुहुन्छ भन्ने आभास शैतानले मानिसहरूलाई दिइरहेको छ। परमेश्वर कठोर, निष्ठुर साहु हुनुहुन्छ। उहाँको न्याय पनि खप्न नसक्ने भनेर उहाँको न्याय-प्रेमलाई शैतानले गलत ढङ्गले चित्रण गरेको छ। सृष्टिकर्ता परमेश्वर ईर्ष्यालु

आँखाले हेरिरहनुहुन्छ; कुनै मानिसले अलिकति भूल वा गल्ती गऱ्यो भने उहाँले तुरन्तै दण्ड दिनुहुन्छ भन्ने तर्साउने मिजास परमेश्वरमा रहेको छ भनेर शैतानले मानिसहरूलाई सिकाउन खप्पिस भएको छ। परमेश्वरका बारेमा यस किसिमको अन्धकार, छाया वा भ्रमपूर्ण धारणाहरूलाई हटाउन येशू आउनुभएको थियो। मानिसहरूकै बिचमा रहेर, तिनीहरूसँग चिनजान गरेर परमेश्वरको असिमित प्रेम संसारलाई देखाउने येशूको लक्ष्य थियो।" एलेन जी. ह्वाइ, *स्टेप्स टु क्राइस्ट*, पृ. १०, ११।

## छलफलको लागि प्रश्नहरू:

**१. परमेश्वरको महिमा उहाँको भलाइसँग बुनिएको छ भनेर थाहा पाउनु किन जरुरी छ? परमेश्वरको प्रेम र स्वभावलाई स्पष्ट पार्न यो धारणा किन ठीक मान्नुपर्दछ?**

**२. परमेश्वर कतिको असल हुनुहुन्छ भनेर तपाईंले कहिल्यै सोध्नुभएको छ? इसाई हुँ भनेर दाबी गर्नेहरूको चर्तिकला र संसारमा भएका खराब तत्त्वहरूले गर्दा के तपाईंले चिन्नुभएको कसैले परमेश्वरको दया र प्रेमप्रति प्रश्न गरेको छ? यसको बारेमा तपाईं आफै कसरी सुल्झाउन सक्नुहुन्छ र त्यही मामिलासँग सङ्घर्ष गरिरहेकोलाई तपाईंले कसरी सहयोग गर्नुहुन्छ?**

**३. महान् द्वन्द्वको यथार्थताले अहिले नै पाप र खराब तत्त्वको बिगबिगी बारे कसरी हामी स्पष्ट हुन सक्छौं?**

# "तिमीले उसलाई त्यसै छोडेर जान सक्दैनौ"

*लेखक:* आन्ड्र्यु मेकचेस्ने

एक दिन अमेरिकन मिसिनेरी जोआन पार्क किम मङ्गोलियाको राजधानी उलनबाटरको आफ्नो डेरामा फर्कंदै हिँडिरहेकी थिइन्। त्यो जाडोको मौसममा थियो। दिँउसो पनि ४० डिग्री माइनस थियो।

एक जना मानिस रक्सीले गर्दा बाटोमा लडिरहेको जोआनले देखिन्। जँड्याहाहरूले उनलाई धेरै पटक आक्रमण गरेको कारणले त्यस मानिसलाई सहयोग गर्न उनले चाहिनन्। उसले मलाई आक्रमण गर्‍यो भने मैले के गर्ने? त्यसकारण उनी त्यस मानिसलाई त्यसै छोडेर जाँदैथिइन्। अचानक एउटा आवाजले उनको कानमा कानेखुशी गरेको उनले महसुस गरिन्, "त्यसलाई तिमीले त्यसै छोडेर जान सक्दैनौ।"

उसलाई सहयोग गरूँ किन गरूँ भन्नेमा जोआन दोधारमा परिन्। "प्रभु त्यो मानिस त मभन्दा डबिल मोटो छ। म उसलाई कसरी सहयोग गर्न सक्छु र?" उनले मनमनै प्रार्थना गरिन्।

उनले बाटोमा यताउति हेरिन्। त्यहाँ कोही पनि थिएन।

उनले त्यस मानिसलाई फेरि हेरिन्, "यदि मैले उसलाई त्यसै छोडें भने, त्यो मानिस चिसोले कठ्याङ्ग्रिएर केही घन्टामा नै मर्नेछ" उनले सोचिन्।

उनले जतातते भएको अपार्टमेन्ट भवनहरू हेरिन्। सबै भवनमा पहिलो तल्लामा सुरक्षा गार्डको निम्ति सानो कोठा थियो। तर सबभन्दा नजिकको भवन ३०० मिटर वा १,००० फिट टाढा थियो। "हुन्छ प्रभु, म यसलाई त्यो भवनमा लान्छु। उसलाई आफ्ना पाखुराहरूले बोकिन् र बलको निम्ति प्रार्थना गरिन्। उसलाई तानेर भवनमा लगिन्। उसलाई ढोकाभित्र उनले राखिन्। केही कदम हटेर उसलाई हेरिन्। उनको हृदयमा करुणा र दयाले भरियो।

यो अनुभवले उनको जीवनमा फड्को मार्‍यो। उनमाथि आक्रमण गर्नेहरूप्रति उनले मनमा रिस राखिन। उनमा भएक रिसलाई करुणा र दयाले पखालिदियो। अब येशूले जस्तै उनी माया गर्न सक्ने भइन्।

सन १९९२देखि १९९८सम्म उनले मिसन संस्थाको सहयोगले पहिलो एड्भेन्टिस्ट चर्च उलनबाटरमा स्थापना गरिन्। उनी मङ्गोलियका पायोनिर वा अग्रज मिसिनेरी भएकी थिइन्। उनी २०१७मा फेरि फर्किन्। उनी अहिले मङ्गोलियामा एड्भेन्टिस्ट चर्चको शिक्षा र विकास विभागको निर्देशक छिन्।

अहिले पनि बेला-बेला जँड्याहाहरूले उनलाई आक्रमण गर्छन्। तर परमेश्वर र उहाँका जनहरूप्रति उनमा भएको प्रेम कसैले हल्लाउन सक्दैन। "शैतानले आफ्नो चर्तिकला छोड्दैन र उसले मलाई पेल्न सक्छ भनेर उसलाई थाहा छ। तर मङ्गोलियाको भाषा बोल्ने खुबी परमेश्वरले मलाई दिनुभएको छ। उहाँले मेरो हृदय परिवर्तन गर्नुभएको छ। जँड्याहाहरूलाई पनि परमेश्वरले माया गर्नुहुन्छ। तिनीहरूले मलाई आक्रमण गरे तापनि मैले तिनीहरूलाई माया गर्नुपर्छ र सकेसम्म सहयोग गर्नुपर्छ" उनले मलाई सुनाइन्।

